# लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

**२०८० साल माघ २३, मंगलवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका शिक्षा सेवातर्फका प्राविधिक कर्मचारीहरुको सिफारिस सम्बन्धमा प्रदेश लोकसेवा आयोगलाई अनुरोध गर्ने ।

२. **अर्थ मन्त्रालय :** "विशेष अनुदान कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" स्वीकृत गर्ने।

३. **गृह मन्त्रालय :** "जनयुद्ध र जनआन्दोलनका घाइते स्याहार केन्द्र स्थापना तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८०" स्वीकृत गर्ने विषयको प्रस्ताव सम्बन्धमा- "प्रस्तुत गठन आदेश सम्बन्धमा गृह मन्त्री र शहरी विकास मन्त्रीको समितिले परिमार्जन गरी पुन: पेश गर्ने ।"

४. **गृह मन्त्रालय :** आगलागी पिडित जय प्रकाश सुनारलाई राहत उपलब्ध गराउने ।

५. **स्वास्थ्य :** लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतका कार्यालयहरुमा नेपाल स्वास्थ्य सेवा, विभिन्न समूह/उपसमूहका नवौं तह (विशेषज्ञ चिकित्सक) को स्वीकृत दरबन्दीमा रहेका रिक्त पदमा अस्थायी करार मार्फत पदपूर्ति गर्न स्वीकृती प्रदान गर्ने ।

६. "नेपाल कृषि सेवा, ११औं तह कृषि प्रसार समूहका यामनारायण देवकोटालाई प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २४ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अतिरिक्त समूह) मा पदाधिकार राखी अर्को व्यवस्था नभएसम्म प्रदेश योजना आयोगको सचिव (प्रशासकीय प्रमुख समेत) मा कामकाज गर्न खटाउने ।"